# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके
## ५ नं. प्रदेश, नेपाल
## प्रस्ताव आह्वान सम्बन्धि सूचना
## (पुनः सूचना प्रकाशित मितिः २०७६/०१/१६

नेपालगञ्ज उप-महानगरपालिकाको चालु आ.ब.०७५।०७६ का लागि स्वीकृत बार्षिक नगर बिकास योजना अन्तर्गत बिषयगत शाखाका कार्यक्रमहरु मध्येको बित्तीय समानीकरणबाट समाबेश भएका कार्यक्रम तर्फ महिला तथा बालबालिका शाखा अन्तर्गतको ७ दिने नगर स्तर सीप तथा ब्यावसायिक बिकास तालिमका लागि विनियोजित बजेट रु ३६००००,( तिन लाख साठी हजार मात्र)बाट अटो रिक्सा चलाउने तालिम स्थानीय गैर सरकारी संस्था मार्फत् संचालन गर्नुपर्ने भएकोले तोकिएको शर्तका अधिनमा रही काम गर्न ईच्छुक संस्थाहरुद्धारा देहायमा उल्लेख भए बमोजिम आवश्यक कागजात संलग्न राखि सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रस्तावना शिलबन्दी गरि पेश गर्नहुन यसै सूचनाद्धारा सूचित गरिन्छ ।

(१) सरकारी निकाय तथा यस उप-महानगरपालिकामा व्यवसाय, सेवा दर्ता तथा नविकरण भएको, (२) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको, (३) क्षेत्रगत कार्यको अनुभव भएको, (४) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको, (५) आ.व.२०७४।०७५ सम्मको लेखा परिक्षण सम्पन्न गरेको, (६) आ.व.२०७४।०७५ को कर चुक्ता गरेको, (७) उप-महानगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको, (८) आफ्नै कार्यालय भएको वा घर भाडामा लिई कार्यालय संचालन गरेको, (९) विगतमा स्थानीय तह संगको सहकार्यमा काम गरेको अनुभव, (१०) उप-महानगरपालिकाको नगर सभामा संस्थाको वार्षिक कार्यक्रम पेश गरेको, (११) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (१२) प्रस्ताव पेश गर्नुपूर्व सो सम्बन्धि कार्यक्षेत्रगत शर्त ToR लिई सो बमोजिम प्रस्ताव तयार गरेको हुनुपर्नेछ, (१३) प्राप्त भएका सवै प्रस्तावहरु ८औं दिनका दिन सरकारी कार्यालयका प्रतिनीधिहरु तथा प्रस्तावदाताको रोहवरमा खोलिनेछ र प्रस्तावदाता उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन, १४) छनौट सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

(१५) दस्तुरः रु ५००।-(पांचसय मात्र), यस उ.म.न.पा.को राजस्व शाखामा नगद दस्तुर (फिर्ता नहुने गरि) बुझाएको रसिद पेश गर्नुपर्नेछ ।

(१६) लक्षित समूह दलित,जनजाति आदिवासी,मुस्लीम,पिछडावर्ग, लोपोन्मुख तथा गरीव वर्गलाई प्राथमिकतामा राखि समूहगत रुपमा काम गर्ने संस्थालाई प्राथमिकता दिईनेछ ।

(१७) प्रकाशित सूचना यस कार्यालयको सूचना पाटी तथा **website: www.nepalgunjmun.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागिः **नेपालगञ्ज उप-महानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय,**
**फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०२४०**

..............................................
**हरि प्याकुरेल**
**प्रमुख प्रशाकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत